## (मस्यौदा)

# प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना गण्डकी प्रदेशमा सञ्चालन हुने आमसञ्चार माध्यमहरुलाई व्यवस्थित र व्यवसायिक बनाउँदै त्यस्ता माध्यमहरु स्वच्छ, स्वतन्त्र, पारदर्शी, प्रतिस्पर्धी, मर्यादित र जिम्मेवार बनाउन दर्ता तथा नियमनलाई व्यवस्थित  गर्न बान्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१   प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आमसञ्चार ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "प्रेस रजिष्ट्रारको कार्यालय" भन्नाले दफा ३ बमोजिम गठन भएको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "आमसञ्चार" भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रवाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ ।

(घ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक वा उपभोक्ता समक्ष पुर्‍याउने प्रविधि सम्झनु पर्छ ।

(ङ) "पत्रपत्रिका" भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिका सम्झनु पर्छ ।

(च) "अन्य पत्रपत्रिका" भन्नाले समाचार बाहेक कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विद्यालाई समेटी प्रकाशन हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(छ) "पत्रकार" भन्नाले आमसञ्चार माध्यममा प्रकाशन/प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन, प्रशारण गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरामेन, समाचार वाचक, व्यङ्ग्यचित्रकार, र भाषा सम्पादक समेतलाई जनाउँछ ।

(ज) "इजाजतपत्र" भन्नाले दफा १६ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति बाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(ञ) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै प्रविधिमा आधारित कार्यक्रम सम्झनु पर्छ ।

(ट) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने सञ्चारसेवा सम्झनु पर्छ ।

(ठ) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति, प्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ड) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठीत संस्था सम्झनु पर्छ ।

(ढ) "प्रेस प्रतिनिधि" भन्नाले तोकिएको निकायबाट प्रेस प्रतिनिधिको प्रमाणपत्र लिएको ब्यक्ति सम्झनु पर्छ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भए बमोजिम सम्झनु पर्छ ।

(त) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनु पर्छ ।

(थ) "अनलाईन सञ्चार माध्यम" भन्नाले इन्टरनेटको माध्यमबाट गरिने अनलाईन पत्रकारिता, युट्यूब च्यालन, ब्लग, एप्स, लगायत सबै डिजीटल र मल्टि मिडिया समेतलाई सम्झनु पर्छ ।

(थ) "भू–उपग्रह प्रसार केन्द्र (अर्थ स्टेशन)" भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ध) "श्रमजीवी पत्रकार" भन्नाले सञ्चार संस्थामा पूर्ण वा आंशिक समय काम गरी पारिश्रमिक प्राप्त गर्ने समाचार सामग्री सङ्कलक, उत्पादक, सम्पादक वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचार बाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, र दृश्य वा भाषा सम्पादकलाई जनाउँछ ।

(न) "सञ्चालक" भन्नाले आमसञ्चार माध्यम सञ्चालन गर्न प्रमाणपत्र पाएको व्यक्ति वा सञ्चालक समिति वा समितिमा रहेका पदाधिकारीहरुलाई सम्झनु पर्छ ।

(प) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरु समेत भएको सार्वजनिक रुपमा विक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(फ) "सम्पादक" भन्नाले आमसञ्चार संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ ।

(ब) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(भ) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू–उपग्रह सम्झनु पर्छ ।

(म) "हुक वा रिले प्रशारण" भन्नाले कुनै प्रशारण माध्यमबाट प्रशारित सामाग्री कुनैपनि प्रविधि प्रयोग गरी त्यस्तै वा फरक प्रकृतीको अर्को माध्यमबाट प्रशारण गर्नुलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## प्रेस रजिष्ट्रार सम्बन्धी व्यवस्था

**३. प्रेस रजिष्ट्रारको कार्यालयको स्थापनाः** (१) आमसञ्चार माध्यमको अभिलेखीकरण, दर्ता, इजाजत, अनुगमन तथा नियमन गर्न प्रेस रजिष्ट्रारको कार्यालय स्थापना गरिनेछ।

(२) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले प्रेस रजिष्ट्रारको कार्यालयको रुपमा काम कारवाही गर्नेछ।

(३) प्रेस रजिष्ट्रारको कार्यालयमा राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको कर्मचारीले प्रेस रजिष्ट्रारको रुपमा कार्य गर्ने छ ।

(४) प्रेस रजिष्ट्रारलाई आवश्यक मार्गदर्शन, निर्देशन प्रदान गर्नको लागि एक प्रेस रजिष्ट्रार निर्देशन समिति रहनेछ ।

**४. प्रेस रजिष्ट्रार निर्देशन समितिको गठनः** देहाय बमोजिमको प्रेस रजिष्ट्रार निर्देशन समिति गठन गरिने छ ।

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून – संयोजक

(ख) सचिव (कानून) मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय – सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून – सदस्य

(घ) अध्यक्ष, नेपाल पत्रकार महासँघ गण्डकी प्रदेश– सदस्य

(ङ) महाशाखा प्रमुख, शान्ति सुरक्षा तथा सूचना समन्वय महाशाखा– सदस्य–सचिव

**५. प्रेस रजिष्ट्रार निर्देशन समितिको काम, कर्तव्य र अधिकारः** प्रेस रजिष्ट्रार निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आमसञ्चार नीतिलाई समय समयमा अवलोकन गरी संशोधन, परिमार्जन प्रस्ताव गर्ने,

(ख) आमसञ्चार क्षेत्रको विकासका लागि उपयुक्त वातावरण सृजना गर्ने,

(ग) प्रदेश सरकार र प्रदेशमा संचालित आमसञ्चार बीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने

(घ) सार्वजनिक नैतिकता र नागरिकहरुको मर्यादा कायम राख्न लगाउने

(ङ) आमसञ्चारको स्वतन्त्रता र पत्रकारिताको मर्यादा माथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने

(च) आमसञ्चार गतिविधि सम्बन्धी अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्ने

(छ) लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धि मापदण्ड कार्यान्वयन गर्न लगाउने,

(ज) सूचनाको हकको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक कार्य गर्ने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

**६. निर्देशन समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) संयोजकको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवले गर्नेछ ।

(४) समितिको वैठकमा संयोजक र दुई जना सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बैठकमा बहुमतको राय समितिको निर्णय मानिनेछ तर मत बराबर भएमा संयोजकले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी सबै सदस्यलाई उपलब्ध गराउनेछ ।

(७) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हनेछ ।

**७. प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** प्रेस रजिष्ट्रारको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने,

(ख) प्रदेश स्तरको रेडियो, टेलिभिजन र केबुल वितरकको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने,

(ग) सय देखि एक हजार वाट सम्मको एफ.एम. रेडियोको इजाजत दिने, नविकरण गर्ने र नियमन गर्ने,

(घ) प्रदेश स्तरका छापा पत्रपत्रिका र अनलाईन संचार माध्यमको दर्ता र नियमन गर्ने,

(ङ) पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(च) रेडियो र टेलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने तथा प्रदेश र स्थानीय तहमा वितरणका लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्ने,

(छ) आमसञ्चार प्रविधिको प्रयोग र विकास प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने,

(ज) आमसञ्चारका माध्यमहरुलाई दिइने सुविधाका सम्वन्धमा प्रदेश सरकारलाई सिफारिश गर्ने,

(झ) आमसञ्चार माध्यमहरुका बीचमा देखिएका विवादहरु समाधान गर्ने,

(ञ) तोकिएका अन्य कार्य गर्ने ।

## परिच्छेद–३

## पत्रपत्रिका सम्बन्धी ब्यवस्था

**८. पत्र पत्रिकाको अभिलेखीकरण गराउनु पर्नेः** (१) कसैले प्रदेश स्तरको पत्रपत्रिका प्रकाशित गर्न चाहेमा वा राष्ट्रिय वा विदेशी पत्रपत्रिकाको प्रादेशिक वा नेपाल संस्करण तथा मुद्रण गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका अभिलेखीकरणको लागि तोकिए बमोजिमको ढाँचामा प्रेस रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

तर संघीय, प्रदेश वा स्थानीय तह अन्तर्गतका कार्यालय, कुनै पनि तहको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, शिक्षण संस्था, प्रचलित कानून बमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम अभिलेखीकरण गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको दरखास्तमा उल्लिखित पत्रपत्रिकाको नामसित मिल्ने गरी अर्को कुनै पत्रपत्रिका अभिलेखीकरण भैसकेको रहेछ भने त्यस्तो निकायले दरखास्तवालालाई सो को जानकारी गराउने छ ।

(३) स्थानीय स्तरको पत्रपत्रिका सार्वजनिक रुपमा विक्री वितरणको लागि स्थानीय तहभित्र प्रकाशन गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम स्थानीय तहको कानून बनाई लागू नभएसम्मको लागि प्रेस रजिष्ट्रारले त्यस सम्बन्धी छुट्टै अभिलेख किताव खडा गरी अभिलेखीकरण गर्न सक्नेछ र त्यस्तो अभिलेख किताव सम्बन्धित तहबाट माग भएको बखत उपलब्ध गराउनु पर्नेछ ।

(५) स्थानीय तहको कानून बमोजिम प्रकाशन भएको पत्रपत्रिका प्रदेशस्तरको पत्रपत्रिकाको रुपमा रुपमा अभिलेखीकरण गरी प्रकाशन गर्नु परेमा उपदफा (१) बमोजिम अभिलेखीकरण गराउनुपर्ने छ ।

(६) कार्यालयले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन उपर जाँचबुँझ गर्दा कानून प्रतिकुल हुने देखिए कारण खोली निवेदन फिर्ता गर्नु पर्नेछ ।

(७) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा अन्य प्रदेशबाट समेत प्रकाशन गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु परेमा उपदफा (१) बमोजिम प्रेस रजिष्ट्रार समक्ष दरखास्त दिई परिवर्तित विवरण स्वीकृत गराउनु पर्नेछ ।

**९. पत्रपत्रिकामा उल्लेख गर्नु पर्नेः** पत्र पत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

**१०. पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः** (१) दफा ८ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकको न्यूनतम र अधिकतम आकार र पृष्ठ संख्या तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइने छैन ।

**११. पत्रपत्रिकाको प्रकाशनः** (१) प्रकाशकले पत्रपत्रिकाको अभिलेखिकरण भएको मितिले छ महिनाभित्र कम्तिमा पहिलो संस्करण प्रकाशन गरिसकेको हुनुपर्ने छ र प्रत्येक संस्करण दफा ८ बमोजिमको अभिलेखीकरण किताबमा उल्लेख भए बमोजिम नै प्रकाशित हुनुपर्ने छ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम प्रकाशन नगर्ने पत्रपत्रिकाको नाम दर्ता किताबबाट हटाइने छ र सो नाम नयाँ दर्ता हुने पत्रपत्रिकालाई दिन सकिने छ ।

**१२. पत्रपत्रिकाको वर्गीकरणः** (१) अभिलेखीकरण भएका पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रकृया अपनाई वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिका प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुंच क्षेत्र, श्रमजिवी पत्रकारका लागि प्रदान गरिएको सुविधा एवं सामाजिक सुरक्षाको व्यवस्था र अन्य तोकिएको आधारमा वर्गीकरण गरिने छ ।

**१३. पत्रपत्रिका दर्ता खारेज नगरिनेः** दफा ८ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिकाको अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिने छैन ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, वा प्रदेशहरुविचको सु–सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु–सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो पत्रपत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन बाधा पार्ने छैन ।

**१४. छापाखाना दर्ता गर्नु पर्नेः** (१) कसैले छापाखाना स्थापना गरी सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा दर्ता गरी तोकिएको निकाय समक्ष दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन उपर आवश्यक जाँचवुझ गरी तोकिए बमोजिमको ढाँचामा प्रेस रजिष्ट्रारले दर्ता प्रमाणपत्र दिइनेछ ।

(३) छापाखाना सञ्चालन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. छापाखाना बन्द वा जफत नगरिनेः** दफा १४ बमोजिम दर्ता भएको छापाखानाले समाचार, लेख, वा अन्य पाठ्य सामाग्री मुद्रण गरे बापत त्यस्तो छापाखाना बन्द वा जफत गरिने छैन ।

तर कानून बमोजिम नियमन र अनुगमन गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद–४

## प्रसारण सम्बन्धी व्यवस्था

**१६. इजाजतपत्र लिनु पर्नेः** (१) प्रसारक संस्थाले यस ऐन बमोजिम इजाजतपत्र नलिई कार्यक्रम प्रसारण, सिग्नल वितरण, भू–उपग्रह प्रसारण केन्द्रको स्थापना र विद्युतीय नेटवर्क मार्फत कार्यक्रम अपलोड वा प्रसारण तथा डाउनलिङ्क गर्नु हुँदैन ।

तर साविकमा नेपाल सरकारबाट इजाजत लिएकाहरुको हकमा भने प्रेस रजिष्ट्रारको कार्यालयमा पञ्जिकरण गराउनुपर्ने छ ।

(२) प्रदेशभित्रको कुनै ठाउँमा स्याटेलाईट, केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा १००० वाट सम्मको फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्रेस रजिष्ट्रारको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) यसै ऐनको दफा १६ को उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर प्रेस रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी तोकिएको शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रशारण गर्न वा फ्रिक्वेन्सी मोडुलेसन स्थापना गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

(४) यस प्रदेशमा सञ्चालित रेडियो, टेलिभिजनहरुले यस प्रदेश बाहेक अन्य प्रदेशबाट प्रशारण हुने कुनै पनि कार्यक्रम हुक गरी वा सिग्नल प्राप्त गरी रिले गराउनुपूर्व प्रेस रजिष्ट्रारबाट अनुमति लिनुपर्नेछ ।

(५) एक सय वाटसम्मको एफ.एम. रेडियो संचालन तथा प्रसारण गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने छ ।

तर नेटवर्क हुक गर्न वा रिले प्रसारणको लागि भने प्रेस रजिष्ट्रारसँग अनुमति लिएर मात्र प्रसारण गर्न पाइने छ ।

(६) कार्यक्रम प्रसारण संस्थाले टेलिभिजन प्रविधिका लागि उत्पादन गरेका कार्यक्रम वा उपदफा (२) बमोजिम डाउनलिङ्क गर्न अनुमतिपत्र प्राप्त गरेका विदेशी प्रसारक संस्थाको कार्यक्रम तोकिएका कुनै माध्यम प्रयोग गरी ग्राहक, सदस्य वा उपभोक्ता समक्ष प्रदेशको जुनसुकै भू–भागमा वितरण गर्नको लागि तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्रेस रजिष्ट्रारको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) कुनै प्रसारक संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू–उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा नेटवर्क मार्फत कुनै  कार्यक्रम प्रदेशको जुनसुकै भू–भागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्रेस रजिष्ट्रारसमक्ष निवेदन दिनु पर्नेछ ।

(८) कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकबाट प्रसारण भएको कुनै कार्यक्रम डाउनलिङ्क गरी प्रदेश भित्र प्रसारण गराउन चाहेमा तोकिए बमोजिम दस्तुर सहित तोकिएको ढाँचामा प्रेस रजिष्ट्रारसमक्ष निवेदन दिनु पर्नेछ ।

**१७. इजाजतपत्रको अवधि र नविकरणः** (१) इजाजतपत्र बहाल रहने अवधि एक आर्थिक वर्षको हुनेछ ।

(२) इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको नवीकरण दस्तुर तथा रोयल्टी रकम सहित प्रेस रजिष्ट्रारको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा तोकिए बमोजिम जरिवाना सहित नवीकरण गरिनेछ ।

**१८. इजाजतपत्र रद्द गर्न सकिने:** (१) देहायको अवस्थामा प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने छ ।

(क) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित प्रसारण गरेमा,

(ख) इजाजतपत्र प्राप्त गरेको मितिले एक वर्ष भित्र तोकिएको शर्त बमोजिम प्रशारण गर्न नसकेमा,

(ग) लगातार तीन वर्षसम्म इजाजतपत्र नवीकरण नगराएमा,

(२) उपदफा १ बमोजिम इजाजतपत्र रद्द भएकोमा सोही प्रशारण संस्थालाई फ्रिक्वेन्सी उपयोग गर्न पुन नयाँ सरह प्रकृया पुरा गर्नुपर्ने छ ।

**१९. इजाजत, नविकरण दस्तुर तथा प्रसारण शुल्क:** इजाजत, नविकरण दस्तुर, प्रसारण शुल्क तथा जरिवाना सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. फ्रिक्वेन्सी सिफारिस सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारको सिफारिसमा मात्र संघीय सरकारबाट रेडियो तथा टेलिभिजनलाई फ्रिक्वेन्सी उपलव्ध हुने छ ।

(२) कुनै पनि व्यक्ति वा संस्थाले प्राप्त गरेको रेडियो फ्रिक्वेन्सीको खरिद, विक्रि, स्वामित्व परिवर्तन वा नामसारी गर्न पाइने छैन ।

(३) एक स्थानको लागि रेडियो फ्रिक्वेन्सी प्राप्त भएपछि उक्त व्यक्ति, संस्था वा सञ्चालकलाई अर्को स्थानको लागि फ्रिक्वेन्सी सिफारिस गरिने छैन ।

**२१. प्रसारण माध्यमको वर्गीकरण र प्रसारणको लागि अपनाउनु पर्ने प्रक्रियाः** (१) प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवम् व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गरिनेछ ।

(२) सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवम् व्यापारिक प्रसारकको नियमन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमका सार्वजनिक सेवा प्रसारक र सामुदायिक प्रसारकले देहायका विषयलाई प्राथमिकतामा राखी कार्यक्रम प्रसारण गर्नुपर्नेछः-

(क) समुदायको विविधतालाई प्रवर्द्धन गर्ने,

(ख) शिक्षा, जनस्वास्थ्य, स्थानीय उत्पादन, बजार विकास र ज्ञान तथा सीप प्रवर्द्धन गर्ने र सामाजिक कुरीति विरुद्ध सचेतना जगाउने,

(ग) भाषा, संस्कृति, कला—साहित्य र परम्पराको संरक्षणमा योगदान दिने,

(घ) स्थानीय तहको काम कारवाहीको प्रचार प्रसार र सार्वजनिक अनुगमनका लागि सहयोग गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य विषय ।

(४) स्थानीय तहको विज्ञापन वितरणमा सामुदायिक रेडियो प्रसारकलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) सार्वजनिक, सामुदायिक तथा व्यापारिक प्रसारकले संघ, प्रदेश वा अन्तर्राष्ट्रिय प्रसारक माध्यमबाट प्रसारित समाचार प्रधान सामग्री र कार्यक्रमलाई प्रेष रजिष्ट्रारको कार्यालयले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) समाचार वा सूचनामूलक कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्थाले तोकिएको योग्यता पुगेको सम्पादक नियुक्त गरी सम्पादकीय स्वतन्त्रताको संरक्षण गर्नु पर्नेछ ।

(७) प्रसारक संस्थाले नेटवर्क मार्फत कुनै श्रव्य, श्रव्यदृष्य वा प्रकाशन तथा प्रसारण गर्नुपर्ने भए तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(८) कार्यक्रम उत्पादन कम्पनीले तोकिए बमोजिम स्वीकृति लिएर मात्र आफ्नो व्यवसाय संचालन गर्नु पर्नेछ ।

(९) सामुदायिक प्रसारक र निजी एवम् व्यवसायिक प्रसारक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. प्रसारण समय उपलव्ध गराउन सकिनेः** कुनै विदेशी प्रसारण संस्थाले कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी तोकिएको मापदण्डको आधारमा शिक्षाप्रद, सचेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न समय उपलव्ध गराउन सकिनेछ ।

**२३. विज्ञापन सम्बन्धी व्यवस्थाः** (१) कसैले कुनै विषयमा विज्ञापन प्रसारण गराउन चाहेमा तोकिएको दस्तूर लिई विज्ञापन प्रसारण गराउने समय उपलव्ध गराउन सकिनेछ ।

तर जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने धुम्रपान तथा मदिराजन्य पदार्थहरुको विज्ञापन प्रसारण गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयका विज्ञापन प्रसारण गर्न, गराउन पाइने छैन ।

(क) राजनीतिक दलसम्बद्ध कुनै पनि विषय,

(ख) अश्लिल सामग्री,

(ग) सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका विषय,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरितका कुरा,

(च) कुनै पनि जातजाति भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यांकन गर्ने सामग्री,

(छ) प्रदेशहरु वा कुनै पनि प्रदेशमा बसोबास गर्ने नागरिकहरु बीच सुमधुर सम्बन्धमा खलल पार्ने किसिमका सामग्री

(ज) प्रचलित कानूनले निषेध गरेका अन्य सामग्री ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएपनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनीतिक दललाई आफनो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरुको जानकारी गराउन दिनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन ।

(४) कुनै विज्ञापन मार्फत गलत सूचना प्रवाह भई पुग्न गएको क्षतिको प्रचलित कानून बमोजिम दायित्व विज्ञापनदाता र प्रकाशक वा प्रसारकले बहन गर्नुपर्ने छ ।

**२४. प्रसारकको काम कर्तव्य र अधिकारः** प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) राजनीतिक रुपमा निश्पक्ष भई समाचारको सम्पादन तथा प्रसारण गर्ने,

(ख) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरु प्रसारण नगर्ने,

(ग) विवादास्पद विषयमा प्रसारण गर्नु परेमा सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितीलाई नबंग्याई प्रसारण गर्ने,

(घ) गलत तथा भ्रामक समाचारको संकलन तथा प्रसारण नगर्ने,

(ङ) प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने ।

**२५. प्रत्यक्ष प्रसारण सम्बन्धी व्यवस्थाः** कुनै विदेशी प्रसारण संस्थाले यस प्रदेशभित्र कार्यक्रम उत्पादन गरी प्रत्यक्ष प्रसारण गर्न प्रेस रजिष्ट्रारको कार्यालयबाट तोकिएको दस्तुर बुझाइ अनुमतिपत्र लिनुपर्छ ।

## परिच्छेद–५

## अनलाइन माध्यम सम्बन्धी व्यवस्था

**२६. अनलाइन माध्यमको अभिलेखीकरणः** (१) कसैले अनलाइन माध्यम सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको विवरण सहित प्रेस रजिष्ट्रारसमक्ष अभिलेखीकरण गराउनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि साविक नेपाल सरकारबाट इजाजत, अनुमति लिई सञ्चालन भएका अनलाइन माध्यमहरुको हकमा यसै ऐन बमोजिम अनुमति लिए सरह मानिने छ ।

तर प्रदेश सरकारबाट प्राप्त हुने सुविधा, सहुलियत एवं बिज्ञापनका लागि भने प्रेस रजिष्ट्रारको कार्यालयमा दर्ता हुनुपर्ने छ ।

(३) सरकारी वा निजी छापा वा विद्युतीय सञ्चार माध्यमले अनलाइन माध्यम समेत सञ्चालन गर्न चाहेमा उपदफा (१) बमोजिम अभिलेखीकरण गराउनु पर्नेछ ।

(४) अनलाइन माध्यमलाई कार्यालयले दर्ता कितावमा जनाई अभिलेखीकरण गर्नु पर्नेछ ।

**२७. प्रमाणपत्र दिनुपर्नेः** (१) दफा २६ बमोजिम अभिलेखीकरण भएको अनलाइन सञ्चार माध्यमलाई दर्ता प्रमाणपत्र दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्रदान गर्दा अनलाइन पत्रकारिता, यूट्यूब च्यानल, र अन्य डिजीटल मिडिया गरी प्रकृति खुलाई अभिलेखीकरण गरी प्रमाणपत्र दिइने छ।

(३) प्रमाणपत्र प्राप्त नगरी कुनै पनि किसिमको अनलाइन माध्यम व्यवसायिक रुपमा सञ्चालन गर्न पाइने छैन ।

**२८. नविकरण सम्बन्धी व्यवस्थाः** (१) दफा २६ बमोजिम दर्ता भएका अनलाईन माध्यमले प्रत्येक आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र प्रेस रजिष्ट्रार मा नविकरण गराइसक्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम नविकरण नगराउने अनलाइन सञ्चार माध्यमको सेवा प्रचलित कानून बमोजिम रोक लगाउन सकिने छ ।

तर यसरी रोक लगाइएको अनलाइन पुन सूचारु गर्न चाहेमा दर्ता गर्न लागेको शुल्कमा दोव्वर दस्तुर लिएर मात्र सूचारु गर्न सकिने छ ।

**२९. जनशक्ति सम्बन्धी व्यवस्थाः** दफा २६ बमोजिम अनलाइन सञ्चार माध्यम दर्ता गर्दा कार्यरत जनशक्तिको तहगत विवरण र तोकिएको पारिश्रमिक र सेवाका अन्य शर्तहरु लागू भएको विवरण पेश गर्नुपर्ने छ ।

**३०. विवरण राख्नु पर्नेः** अनलाइन सञ्चार माध्यम सञ्चालकले देहायका विवरण आफ्नो वेवसाइटको होमपेजमा वा यूट्यूव च्यानलको डिस्प्ले वा अन्य डिजीटल मिडिया भए शुरुवातमा नै प्रष्ट खुल्ने गरी देहायका विवरण राख्नु पर्नेछः–

(क) प्रेस रजिष्ट्रारको कार्यालयबाट प्राप्त अभिलेखीकरणको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,

(ख) सञ्चालक, सम्पादक, समाचार प्रमुख वा यूट्यूव च्यानल भए प्रस्तोताको नाम समेत,

(ग) तोकिएका अन्य विषयहरु ।

**३१. प्रकाशित सामाग्रीको जिम्मेवारीः** कुनै सामग्री आफ्नो अनलाइनमा प्रकाशन, प्रसारण, साभार वा उल्लेख गरेकोमा सो सामग्री दफा ४४ को विपरित ठहरिएमा सामग्री उत्पादन

गर्ने र प्रसारण गर्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ र त्यस्तो सामग्री इन्टनेटबाट हटाउन समेत सकिने छ ।

**स्पष्टीकरणः** यो व्यवस्था सामाजिक सञ्जाल वा अन्य जुनसुकै व्यक्तिगत रुपमा वेभ प्लाटफर्म प्रयोग गरी यस्ता सामग्री उत्पादन, प्रशारण गर्नेहरुलाई समेत लागू हुनेछ ।

**३२. विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टलः** विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४४ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा त्यस्तो सामाग्री प्रकाशन वा प्रसारणमा रोक लगाउन सकिनेछ।

## परिच्छेद – ६

## श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक अनुगमन

**३३.पारिश्रमिक तथा सुविधाः** (१) आमसञ्चार संस्थाले श्रमजीवी पत्रकारलाई संघीय व्यवस्था बमोजिम नै समय समयमा तोकिएको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा भन्दा कम हुने गरी पारिश्रमिक दिन पाउने छैन ।

(२) श्रमजीवी पत्रकारहरुको हक हित र सुविधाको सम्बन्धमा कानूनद्वारा गरिएको व्यवस्था अनुरुप भए नभएको सम्बन्धमा प्रेस रजिष्ट्रारले अनुगमन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिमको अनुगमनको क्रममा कानून बमोजिम पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराएको नदेखिएमा तोकिए बमोजिम सेवा सुविधा अपलब्ध गराउन आदेश दिन सकिने छ र त्यस्तो संस्थालाई प्रदेश सरकारबाट दिइने सुविधा रोक्का गर्न वा अन्य आवश्यक कारवाहीका लागि समेत सिफारिस गर्न सकिने छ ।

**३४. सेवा शर्त सम्बन्धी व्यवस्थाः** (१) आमसञ्चार संस्थाले आफ्नो संस्थाको कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको नियुक्ति, अवकाश, तथा सेवाको शर्त तथा सुविधा समेतका विषय विनियमावलीमा समावेश गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भए नभएको सम्बन्धमा प्रदेश प्रेस रजिष्ट्रार ले अनुगमन गर्न सक्ने छ ।

(३) अनुगमनका क्रममा देहायका सबै वा केहि विवरण माग गर्न सकिनेछ र माग भए बमोजिमको बिवरण पेश गर्नु संस्थाको कर्तव्य हुने छ ।

(क) कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय,

(ख) हाजिरी र बिदा सम्वन्धी,

(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता,

(घ) वार्षिक तलव बृद्धि,

(ङ) उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी,

(च) सामाजिक सुरक्षा कोष,

(छ) अन्य आवश्यक विषय ।

**३५. विनियमावली निर्माणको आधारः** (१) संस्थाले कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको न्यूनतम पारिश्रमिक, सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली निर्माण गर्दा संघीय सरकार मातहत रहेको न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारिस गरे बमोजिम हुनुपर्ने छ ।

**३६. सुविधा रोक्का गर्न सक्नेः** तोकिएको मापदण्ड पुरा नगर्ने आमसञ्चार माध्यमलाई प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका सुविधा रोक्का गर्न सकिने छ ।

**३७. श्रमजीवी पत्रकार सम्वन्धी अन्य व्यवस्थाः** श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने छ ।

## परिच्छेद –७

## आमसञ्चार सम्बन्धी अन्य व्यवस्था

**३८. आचारसंहिता सम्बन्धी व्यवस्थाः** (१) आमसञ्चार माध्यमले आचार संहिताको पूर्ण पालना गर्नुपर्ने छ ।

(२) आमसञ्चार माध्यमले प्रकाशन वा प्रसारण गरेको विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्नु सम्वन्धित आमसञ्चार संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम सुनुवाई नभएमा वा सो उपर पिडित पक्षको चित्त नबुझेमा निजले दफा ३ बमोजिमको प्रेस रजिष्ट्रेसन निर्देशन समितीमा पैंतीस दिन भित्र उजुरी दिन सक्ने छ ।

(४) आमसञ्चार सञ्चालक संस्थाले आफ्नो र आफ्ना कर्मचारीहरुको लागि आवश्यक आचारसंहिताको निर्माण गरी स्वघोषणा सहित सार्वजनिक गर्नुपर्नेछ ।

**३९. लगानी सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि व्यक्ति, समूह वा संस्थाले आमसञ्चार सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण गर्न वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चार माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आमसञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका ब्यक्ति, परिवार वा समूहलाई आफ्नै आमसञ्चार माध्यमको अनलाइन संस्करण बाहेक अन्य प्रकाशन वा प्रसारण वा अनलाईन माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न दिइनेछैन ।

(३) आमसञ्चारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. विदेशी लगानी सम्बन्धी व्यवस्थाः** (१) विदेशी व्यक्ति वा संस्थाले कुनै पनि आमसञ्चार माध्यममा कुल लगानीको पच्चीस प्रतिशतभन्दा बढी लगानी गर्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम विदेशी लगानी सहितको संयुक्त लगानीमा सञ्चालन गरिएको कुनै प्रशारण सँस्था वा पत्र पत्रिकाको सम्पादक, पत्रकार, कामदार, कर्मचारी नेपाली नागरिक मात्र हुनेछ ।

**४१. आमसञ्चारको स्वामित्व हस्तान्तरणः** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार संस्थाको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिनभित्रमा त्यसको जानकारी तोकिएको ढाँचामा प्रेस रजिष्ट्रार लाई दिनु पर्नेछ र प्रेस रजिष्ट्रारले तत्सम्वन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

**४२. आमसञ्चार माध्यम शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्नेः** (१) आमसञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी प्रेस रजिष्ट्रार लाई दिनु पर्नेछ ।

(२) प्रेस रजिष्ट्रार मा अभिलेखीकरण भएका आमसञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी प्रेस रजिष्ट्रारलाई गराउनु पर्नेछ ।

**४३. प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्थाः** (१) कुनै आमसञ्चार सम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण प्रेस रजिष्ट्रारको कार्यालय समक्ष बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने आमसञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई प्रेस रजिष्ट्रारको कार्यालयले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले तोकिएको प्रकृया पुरा गरी प्रेस रजिष्ट्रारको कार्यालय समक्ष दरखास्त दिन सक्ने छ ।

प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम दरखास्त दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको दरखास्त प्राप्त भएपछि प्रेस रजिष्ट्रारको कार्यालयले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ ।

(६) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) साविकमा नेपाल सरकारबाट प्रेस प्रतिनिधी प्रमाणपत्र पाएकाहरुको हकमा भने यसै कानून बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको मानिने छ ।

**४४. प्रकाशन तथा प्रसारण गर्न नहुनेः** (१) कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट देहायका विषयमा प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः–

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइ बीचको सु–सम्बन्धमा आँच आउने,

(ख) विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु–सम्बन्धमा खलल पर्ने,

(ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने,

(ङ) श्रमप्रति अवहेलना गर्ने,

(च) जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने,

छ) प्रदेशहरुबिचको सु—सम्बन्धमा खलल पार्ने तथा विवाद सिर्जना हुने ।

(२) उपदफा (१) बमोजिम प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको नेपाल संस्करण वा मुद्रण र अन्य प्रसारण, पुनः प्रसारण रिले प्रसारणमा समेत लागू हुनेछ ।

## परिच्छेद–८

## पत्रकार तथा प्रसारकको योग्यता

**४५. दरबन्दी विवरणः** प्रदेश भित्र सञ्चालित सबै सञ्चार माध्यमहरुले आफनो सञ्चार माध्यममा आवश्यक हुने सम्पादक, समाचार दाता, कार्यक्रम सञ्चालक लगायतका पत्रकार तथा प्रशारकको दरबन्दी विवरण प्रेस रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने छ ।

**४६. पत्रकार तथा प्रसारकको योग्यताः** (१) दफा ४५ बमोजिम प्राप्त दरबन्दी विवरणका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र कार्यअनुभव तोकिए बमोजिम हुने छ । यसरी योग्यता तोक्दा छापा, अनलाईन र प्रशारण माध्यमको क्षमता, प्रशारण्, वितरणको क्षेत्र, सञ्चार माध्यमहरुको क्षमता लगायतलाई आधार बनाइने छ ।

(२) उपदफा (१) बमोजिम योग्यता तय गर्दा पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारणका लागि तय गरिएको मापदण्डलाई समेत विचार गरी सो संग मेल खाने गरी योग्यता तोक्न सकिने छ ।

**४७. पत्रकार सञ्चालक र शेयर होल्डर बन्न नपाईनेः** पत्रकारितामा संलग्न व्यक्ति कुनै पनि सञ्चार माध्यमको सञ्चालक वा सञ्चालक समिति सदस्य वा शेयर होल्डर हुन पाइने छैन ।

## परिच्छेद–९

## सजाय र पुनरावेदन

**४८ दण्ड सजायः** (१) कसैले दफा १६ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर वरावर रकम असुल उपर गरी सो बराबरको रकम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ४४ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कसैले उपदफा (१) र (२) मा लेखिएको बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा प्रेस रजिष्ट्रारले कसूरको मात्रा हेरी पाँच हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) कसैले दफा १७ को उपदफा (२) बमोजिम प्रसारण संस्था नवीकरण नगराएमा प्रत्येक बर्षका दरले नविकरण दस्तुरको ५० प्रतिशत रकम जरिवाना स्वरुप लाग्ने छ ।

(५) कैद सजाय हुने सम्बन्धमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा चलाईने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. सफाईको मौका दिनु पर्नेः** यस ऐन बमोजिम कारवाही र जरिवाना गर्नु अघि प्रेस रजिष्ट्रारको कार्यालयले सफाईको मौका दिनु पर्नेछ ।

**५०. पुनरावेदनः** यस ऐन बमोजिम कार्यालयले गरेको सजाय उपर पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्ने छ ।

**५१. मुद्दा हेर्ने अधिकारीः** दफा ४८ बमोजिम सजाय हुने कसूर सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार प्रेस रजिष्ट्रारलाई हुनेछ ।

**५२. सरकार वादी हुनेः** दफा ४८ बमोजिमको कसूर गरेको मुद्दामा प्रदेश सरकार वादी हुनेछ ।

## परिच्छेद–१०

## विविध

**५३. किताबको अभिलेखीकरण गराउनु पर्नेः** (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब विक्री वितरण गर्नु अघि त्यस्तो किताबको दुई प्रति बिना मूल्य अभिलेखीकरणको लागि प्रेस रजिष्ट्रारको कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) कार्यालयले उपदफा (१) बमोजिम किताब अभिलेखीकरण गर्दा तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ ।

(३) स्थानीय तहमा प्रकाशित किताब सम्बन्धित तहले अभिलेखीकरणको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५४. किताबमा उल्लेख गर्नु पर्ने कुराहरुः** किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको पूरा नाम, संस्करणको सङ्ख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

**५५. विवरण पेश गर्नुपर्नेः** यो ऐन प्रारम्भ हुनुअघि गण्डकी प्रदेश भित्र प्रकाशन हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आएका प्रसारण संस्थाले यो ऐन लागू भएको मितिले तीन महिनाभित्र तोकिएबमोजिमको ढाँचामा अभिलेखको लागि प्रेस रजिष्ट्रारसमक्ष पेश गर्नु पर्नेछ ।

**५६. नियम तथा कार्यविधि बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।